# सिडिएस एण्ड क्लियरिङ्ग लि.को अत्यन्त जरुरी सूचना

यस लि. ले मिति २०७२ पौष २१ गते राष्ट्रिय दैनिक पत्रिका कान्तिपुरमा नेपाल धितोपत्र बोर्डले मिति २०७२ पौष मसान्तसम्ममा नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत सम्पूर्ण कम्पनीहरु यस लि. को केन्द्रीय निक्षेप प्रणालीमा आबद्ध हुन दर्ता सम्झौता गरिसक्नु पर्ने अन्यथा दर्ता हुन नआएका कम्पनीहरुको धितोपत्र कारोबार स्वतःबन्द हुने निर्देशन सम्पूर्ण सरोकारवाला तथा लगानीकर्ताहरुलाई जानकारी गराएको व्यहोरा विदितै छ । केन्द्रीय निक्षेप प्रणालीमा आवद्ध भई मिति २०७२ माघ १ गते देखि कारोबार गर्न योग्य कम्पनीहरुको सूची यस लि. को वेभसाईट www.cdscnp.com मा उपलब्ध छ । सूचीमा उल्लेख नभएका कम्पनीहरुको कारोबार स्वतः बन्द हुने छ । दर्ता हुन बाँकी रहेका कम्पनीहरुले यथाशिघ्र यस लि. मा दर्ता सम्झौता गरी आफ्ना शेयरधनीहरुलाई कारोबारबाट बञ्चित हुनबाट जोगाई बजारबाट लाभान्वित हुने अवसर प्रदान गरी सहयोग गरिदिनु हुन अनुरोध छ ।

यसै सन्दर्भमा तत्काल शेयर बिक्री गर्ने तथा कारोबार गर्ने यस लि. मा दर्ता सम्झौता गरेका कम्पनीहरुका लगानीकर्ताहरुले निक्षेप सदस्य (Depository Participant-DP) मार्फत् विद्युतीय खाता (Demat Account) खोली शेयरको अभौतिकीकरण गर्नु हुन अनुरोध छ । यस लि. को वेभसाइटमा रहेको निक्षेप सदस्यको सूची हेरी सो मध्ये कुनै एक निक्षेप सदस्य मार्फत् डिम्याट् खाता खोल्न सकिने छ । तत्काल कारोबार गर्न नचाहने लगानीकर्ताहरुले आफूसंग रहेको भौतिक धितोपत्र आफ्नो अनूकुलतामा अभौतिकीकरण गर्न सकिने व्यवस्था रहेको व्यहोरा समेत सम्वन्धित सवैका लागि जानकारी गराईन्छ ।

सिडिएस एण्ड क्लियरिङ्ग लि.
सिंहदरबार प्लाजा, काठमाडौं ।
फोन नं. : ०१-४२५०५९६
वेभसाईट: www.cdscnp.com